नेपाल सरकार

# राष्ट्रिय युवा परिषद

सानोठिमी भक्तपुर

# राष्ट्रिय युवा परिषदका निमित्त प्रशासकीय प्रमुख श्री गेहनाथ गौतमबाट नयाँ संरचनाअनुसार पदस्थापन हुनभएका प्रशासकीय प्रमुख, सहसचिव श्री मनिता श्रेष्ठलाई पद हस्तान्तरण गर्दा पेश गरिएको परिषदको वर्तमान कार्य अवस्था




**२०८३ भाद्र ३**

राष्ट्रिय युवा परिषद, सानोठिमी भक्तपुर

# राष्ट्रिय युवा परिषद

## १. महत्वपूर्ण तथ्यहरू

- राष्ट्रिय युवा परिषद स्थापना २०७२ फागुन १९
- आधार राष्ट्रिय युवा परिषद ऐन २०७२ र नियमावली २०७३
- राष्ट्रिय युवा नीति २०८२ हाल कार्यानव्यनमा रहेको
- युवाको उमेर समूह राष्ट्रिय युवा परिषद् ऐन, २०७२ मा १६ - ४० वर्ष र राष्ट्रिय युवा नीति मा १८ देखि ३५ वर्ष रहेको ।

## २. स्थापनाको पृष्ठभूमि

सन् १९९८ अगस्ट ८ देखि १२ सम्म संयुक्त राष्ट्र संघको समन्वयमा पोर्चुगलको लिस्वनमा १४० देशका युवा मामिला हेर्ने मन्त्रीहरूको सहभागितामा भएको विश्व सम्मेलनमा ८८ बुँदे लिस्वन घोषणा पत्र जारी गर्दै आआफ्ना देशमा राष्ट्रिय युवा नीति तर्जुमा र कार्यन्वयन गर्ने' प्रतिवद्धता जनाएअनुसार राष्ट्रिय युवा नीति २०७२ र यसकै जगमा राष्ट्रिय युवा परिषद् ऐन २०७२ जारी भई राष्ट्रिय युवा परिषद्को स्थापना भएको हो। राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा युवाको जनसंख्या ४२.५६ प्रतिशत रहेको छ। राष्ट्रिय युवा परिषद् युवाहरूको लागि युवाकै नेतृत्वमा कार्यक्रम सञ्चालन गर्ने सरकारी संयन्त्रका रूपमान क्रियाशील छ ।

## ३. परिषद्को वर्तमान संरचना

परिषद्को गठन प्रक्रियमा राष्ट्रिय युवा परिषद् ऐन २०७२ अनुसार परिषद्को अध्यक्ष युवा तथा खेलकुद मन्त्री हुने र नेपाल सरकारले मनोनीत गरेको ब्यक्ति कार्यकारी उपाध्यक्ष हुने व्यवस्था रहेको छ । परिषदमा साविक विभिन्न ८ मन्त्रालयका सचिवहरू पदेन सदस्यमा रहने र विभिन्न क्षेत्रका युवाहरूलाई समेटेर साविक मन्त्रालयले २५ जना युवालाई परिषद्को सदस्यको रुपमा मनोनयन गर्ने गरेको छ। यसरी प्रशासकीय प्रमुख सहित जम्मा ३६ सदस्यीय परिषद् रहने व्यवस्था छ । नेपाल सरकार कार्य वसभाजन नियमावली २०८३ अनुसार राष्ट्रिय युवा परिषद युवा श्रम तथा रोजगा मन्त्रालयसँग आवद्ध रहेको छ ।

परिषद कार्यालयमा निजामति सेवाबाट अस्थायी दरवन्दी सिर्जना भई शिक्षा सेवा सहसचिव (प्रशासकीय प्रमुख) सहित २० जना कर्मचारीहरू र करारमा कम्प्युटर अपरेटर हलुका सवारी चालक तथा कार्यालय सहयोगीसहित १० जना गरी कूल ३० जना दरवन्दी रहेकोमा यु आव मा स्वीकृत अस्थायी संरचनाअनुसार नेपाल प्रशासन सेवा सहसचिव (प्रशासकीय प्रमुख) सहित १६ जना कर्मचारीहरू र करारमा कम्प्युटर अपरेटर हलुका सवारी चालक तथा कार्यालय सहयोगीसहित ९ जना गरी कूल २५ जना दरवन्दी छ ।

## ४. राष्ट्रिय युवा परिषद्का काम, कर्तव्य र अधिकार

राष्ट्रिय युवा परिषद् ऐन, २०७२ अनुसार परिषद्का काम कर्तव्य र अधिकार देहाय अनुसार रहेको छ :

(क) युवा सम्बन्धी दीर्घकालीन नीति तर्जुमा गरी नेपाल सरकारसमक्ष सिफारिस गर्ने,

(ख) नेपाल सरकारबाट स्वीकृत नीतिको अधीनमा रही युवा सम्बन्धी योजना, कार्यक्रम बनाई लागू गर्ने,

(ग) परिषद्सँग आवद्धता प्राप्त गर्ने संघ, संस्थाहरूले पालना गर्नु पर्ने शर्तहरू निर्धारण गर्ने,

(घ) विकास निर्माण तथा समाज सेवाको क्षेत्रमा युवालाई स्वयंसेवकको रुपमा परिचालन गर्ने सम्बन्धमा आवश्यक नीति निर्धारण गर्ने,

(ङ) युवालाई राष्ट्र निर्माणमा सहभागी हुन तथा मुलुक निर्माणमा केन्द्रित भई अघि बढन उत्प्रेरित गर्ने,

(च परिषद्को वार्षिक योजना कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(छ) युवा विकास, सशक्तीकरण एवं मूलप्रवाहिकरण सम्बन्धी विषयमा नेपाल सरकारलाई सुझाव दिने,

(ज) परिषद्को लागि आवश्यक कर्मचारीको दरबन्दी संख्या निर्धारण गर्ने ।

## ५. हालसम्मका उपलब्धि

क. पाँचआधार स्तम्भ

देहायका पाँचआधार स्तम्भ पहिचान **गरी** वित्तीय साक्षरता, स्वयंसेवक विकास, युवा परामर्श गुणस्तरीय र व्यावसायिक शिक्षा, रोजगारी, उद्यमशीलता र सिप विकास, नवप्रवर्तन तथा स्टार्ट अप, स्वास्थ्य र सामाजिक सुरक्षा, युवा परिचालन, सहभागिता, क्षमता विकास र नेतृत्व विकास जस्ता क्षेत्रमा युवा लक्षित कार्यक्रमहरू सञ्चालन भइरहेको छ ।



ब्रिटिस काउन्सिलको प्राविधिक सहयोगमा युथ भिजन २०२५ तथा दश वर्षे रणनीतिक कार्ययोजनाको समीक्षा सम्पन्न भएको छ ।

**ख. परिषदबाट पछिल्ला वर्षहरूमा भएका प्रमुख उपलब्धिहरू**

१) युवाको सर्वाङ्गीण विकासमार्फत् राष्ट्र निर्माणमा सार्थक सहभागिता' सुनिश्चित गर्ने दुरदृष्टि सहित राष्ट्रिय युवा नीति २०८२ जारी गरिएको ।

२) असंलग्न देशका युवाहरूको अन्तर्राष्ट्रिय शिखर सम्मेलन मार्फत् असंलग्न देशका युवाहरूको अन्तर्राष्ट्रिय संगठन(NAMAYO) को संस्थापक सदस्यको रुपमा महत्वपूर्ण भूमिका निर्वाह गरिएको ।

३) युवा उद्यम कार्यक्रम अन्तर्गत बिना धितो, बिना ब्याज व्यवसायिक परियोजनाका आधारमा युवाहरूलाई ५ लाखको दरले ३९७ जनालाई प्रदान गरिएको छ।शैक्षिक प्रमाणपत्रका आधारमा ४५ जनालाई २ लाखका दरले ऋण सहयोग प्रदान गरिएको छ । सो मध्ये १९ करोड वरावरको कर्जा असुल गरी सरकारी कोषमा फिर्ता गरिएको ।

४) परिषदद्वारा स्थानीय तहसंगको सहकार्यमा ३५९५ युवाहरूलाई ILO को मापदण्डमा आधारित GYB – SYB अन्तर्गत सातदिने युवा उद्यमशीलता र वित्तीय साक्षरता तालिम सञ्चालन गरिएको ।

५) युवाहरूको नेतृत्व कौशल र कुटनीतिक क्षमता अभिवृध्दिका लागि परिषदको लोकप्रिय कार्यक्रमका रुपमा १६-२४ उमेरका ५०० युवालाई नमुना संयुक्त राष्ट्रसंघीय अभ्यास (NYCMUN) गराइएको ।

६) देशभरका स्थानीय युवा परिषद उपाध्यक्षहरूको राष्ट्रिय भेला आयोजना गरी अनुभव आदनप्रदान गरिएको। स्थानीय सरकारसँग समन्वय गरी स्थानीय युवा परिषद गठन अभियान अघि बढाइएको ।

७) युवाको वैज्ञानिक सोच र आविश्कारलाई प्रवर्धन गर्न सातै प्रदेशमा र राष्ट्रिय स्तरमा युवा वैज्ञानिक सम्मेलन आयोजना गरिएको ।

८) युवा केन्द्रित नीति, वहस र पैरवीलाई राष्ट्रिय जीवनको अभिन्न अंग बनाउने उदेश्यले अन्तर्राष्ट्रिय युवा दिवस मध्ये दुई पटक सम्माननीय राष्ट्रपति र तिन पटक सम्माननीय प्रधानमन्त्री सहित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यक्तित्वहरूको सहभागितामा मनाइएको ।

९) देशभर युवा उद्यमशीलता प्रवर्धन र युवाहरूको वित्तीय पहुंच अभिवृध्दि गर्न कोशी, मधेस, वागमति, गण्डकी, कर्णाली प्रदेशमा वृहत् युवा उद्यमशीलता प्रवर्धन सम्मेलन आयोजना गरिएको।यसबाट गत वर्ष करीव ११०० जना युवा लाभान्वित भएका छन् ।

१०) संघीय तहमा अन्य संघ सस्थासंगको साझेदारीमा नेपाल युवा उद्यमशीलता शिखर सम्मेलन आयोजना गरिएको ।

११) २०७९ मा २५ सय निर्वाचन प्रहरी (म्यादि प्रहरी) सहित करिब १० हजार युवालाई सहभागी गराई युवा उद्यम परामर्श तथा मार्गदर्शन प्रदान गरिएको ।

१२) युवाहरूलाई तत्काल रोजगारी वा स्वरोजगारीमा जोड्ने अभिप्रायले सातै प्रदेशका विभिन्न ठाउँमा ३२० जना युवालाई निःशुल्क रोजगारमुलक सिप विकास तालिम सञ्चालन गरिएको।

१३) प्रतिस्पर्धात्मक युवा नेतृत्व विकास कार्यक्रम (YLDP) मार्फत् युवा नेतृत्व विकासमा महत्वपूर्ण टेवा पुर्याइएको ।

१४) विपत व्यवस्थापन, डिजिटल साक्षरता, प्राथमिक स्वास्थ्य लगायतका विभिन्न विषय र क्षेत्रमा करिव ५ हजार स्वयंसेवक विकास गरी सम्वन्धित क्षेत्रमा परिचालन गरिएको ।

१५) युवाको नवीन व्यवसायिक सोचलाई प्रवर्धन र सम्वर्धन गर्दै उद्यम र उद्योगसम्म पुर्याउने उद्देश्यले नवप्रवर्तन तथा इन्क्युवेसन कार्यक्रम सञ्चालन गरिएको ।

१६) विभिन्न जनआन्दोलन, सशस्त्र सङ्घर्ष र क्रान्तिमा सहिद, वेपत्ता भएका परिवारका युवाको क्षमता, नेतृत्व र उद्यमशीलता विकासका लागि सञ्जाल गठन गरी विविध कार्यक्रम सञ्चालन गरिएको।

१७) संघीय तह, प्रदेश तह र ७७ जिल्लाका फरकफरक स्थानीय तहमा १६-२४ उमेर समुहका १०५९० जना युवालाई नमुना युवा संसद अभ्यास गराइ युवा नेतृत्व विकास एवम् सशक्तिकरण गरिएको ।

१८) दलित, अल्पसंख्यक, सिमान्तकृत वर्गका युवाहरूको सार्वजनिक सेवा प्रवेशमा पहुंच अभिवृध्दिका लागि २१५० युवालाई लोकसेवा तथा शिक्षक सेवा आयोग कक्षा सञ्चालन गरिएको ।

१९) कला, साहित्य, संस्कृति र मनोरञ्जनका क्षेत्रमा क्रियाशिल युवाको संरक्षण र प्रवर्धन कार्यक्रम अन्तर्गत राष्ट्रिय स्तरको लोक दोहरी प्रतियोगिता, गजल प्रतियोगिता, चेतनामूलक टिकटक भिडियो प्रतियोगिता चित्रकला प्रतियोगिता आयोजना गरी प्रतिभा पहिचान (talent hunt) र प्रोत्साहन गरिएको।

२०) पर्यटन क्षेत्रमा क्रियाशील पथप्रदर्शक युवाहरूको सञ्जाल गठन गरी त्यसक्षेत्रका युवाहरूलाई विविध गतिविधि मार्फत् सशक्तिकरण गरिएको ।

२१)वैकल्पिक हेरचाहमा हुर्किएका अभिभावकविहिन युवाहरूको परिचय, पहिचान, नेतृत्व विकास र सशक्तिकरणका लागि युवा सञ्जाल गठन गरी विविध कार्यक्रम आयोजना गरिएको ।

२२) यौनिक तथा लैङ्गिक अल्पसंख्यक युवाहरूको हकहित संरक्षण तथा नीति निर्माणमा पहुंच अभिवृध्दिका लागि सञ्जाल गठन गरी विविध क्रियाकलाप सञ्चालन गरिएको ।

२३) घरेलु कामदारका रुपमा रहेका युवाहरूको पहिचान, सम्मान र सामाजिक सुरक्षाका निम्ति सञ्जाल गठन गरी विविध क्रियाकलाप सञ्चालन गरिएको।

२४) अपाङ्गता भएका युवाहरूको नेतृत्व विकास, क्षमता विकास र सिप विकासका लागि विविध क्रियाकलाप सञ्चालन गरिएको ।

२५) स्वस्थ्य क्षेत्रमा क्रियाशील युवाहरूको स्वास्थ्यकर्मी युवा सञ्जाल गठन गरी त्यस क्षेत्रका युवाहरूलाई समुदायमा परिचालन गरिएको ।

२६) विदेशवाट फर्किएर आएका युवाहरूले सिकेका ज्ञान, सिप, प्रविधि र ल्याएको पुँजी परिचालन गरी देशभित्र उद्यमशीलता सृजना गर्न रिटर्नी युवा सञ्जाल मार्फत् क्रियाकलापहरू सञ्चालन गरिएको ।

२७) जलवायु क्षेत्रमा क्रियाशील युवाहरूको जलवायु युवा सञ्जाल गठन गरी त्यस क्षेत्रका युवाहरूलाई समुदायमा परिचालन गरिएको । साथै विभिन्न संघसंस्थासंग सहकार्यमा दक्षिण एसियाली जलवायु कार्य सम्मेलन आयोजना गरिएको ।

२८) परम्परागत सिप हस्तान्तरण र संरक्षणका लागि गठित् सञ्जाल मार्फत् विविध क्रियाकलाप सञ्चालन गरिएको ।

२९) मर्यादित महिनावारीका लागि विभिन्न संघसंस्थासंगको सहकार्यमा अन्तर्राष्ट्रिय सिकाइ सम्मेलन आयोजना गरिएको।

३०) उद्यमशीलता तथा वित्तीय साक्षरता र नमुना युवा संसद अभ्यासका लागि प्रशिक्षक प्रशिक्षण (TOT) सञ्चालन गरिएको ।

३१) स्थानीय युवा परिषद गठनका लागि नमुना स्थानीय युवा परिषद ऐन तर्जुमा गरी सवै स्थानीय तहमा पठाइएको ।

३२) जेनजी आन्दोलनपछि जेनजी सहिदको सम्झनामा दिप प्रज्वलन कार्यक्रम गरिएको, जेनजी युवाको सहभागितामा नीति निर्माणदेखि कार्यान्वयन तहसम्म युवा सहभागिता संवाद गरिएको । त्यस्तै जेनजी युवाकै सहभागितामा सामाजिक जवाफदेहिता: मिडिया र युवा संवाद तथा मिडिया र सूचना साक्षरता अभिवृद्धि जस्ता विशेष कार्यक्रमहरू आयोजना गरिएको ।

३३) परिषदले पछिल्लो चारवर्षमा गरेका मुलभूत क्रियाकलाप समेटिएको २४४ पृष्ठको युवा तस्वीर दर्पण प्रकाशन गरिएको ।

३४) युवा मैत्री स्थानीय शासन प्रवर्धन गर्न युवामैत्री स्थानीय शासन दिग्दर्शन तर्जुमा र सातै प्रदेशमा अभिमुखीकरण गरी युवामैत्री स्थानीय तह स्वमूल्याङ्कन सूचक विकास गरिएको ।

३५) गैर आवासीय नेपालीहरूको ज्ञान सिप र पूँजीलाई राष्ट्र निर्माणमा परिचालन गर्न डायस्पोरा युवा सञ्जाल गठन गर्न अवधारणा पत्र विकास गरिएको।

३६) युवाहरूको देश शिर्षकको राष्ट्रिय युवा गीत निर्माण गरी ख्याति प्राप्त कलाकार र राष्ट्रिय व्यक्तित्वहरूका साथ भिजुअलाइज्ड समेत गरेर सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यूवाट सार्वजनिक गरिएको ।

३७) संयुक्त राष्ट्रसंघ सम्वद्ध निकायहरू, विकास साझेदार संस्थाहरू, युवा केन्द्रित सरकारी तथा गैरसरकारी संस्थाहरू, नागरिक संगठनहरू, परिषद आवद्ध संघसंस्थाहरूसँगको सहकार्यमा युवा सबलीकरण र सशक्तिकरणका कार्यक्रमहरू गरिएको ।

उल्लिखित क्रियाकलापहरूको समेत उपलब्धिका रूपमा परिषदबाट सञ्चालित युवा उत्प्रेरक कार्यक्रममा सहभागी युवाहरू हालको प्रतिनिधि सभा सदस्यका साथै प्रदेश र स्थानीय तहका विविन्न पदमा निर्वाचित भई नेतृत्व गर्ने अवसर बढेको छ । यसका साथै नेपाल सरकारको १५ सदस्यीय वर्तमान मन्त्रिपरिषदमा ११ जना माननीय मन्त्रीज्यूहरू युवा रहनु र १ जना माननीय मन्त्रीज्यू राष्ट्रिय युवा परिषद्को पूर्व सदस्य हुनुलाई पनि परिषदको मुख्य उपलब्धिका रूपमा लिन सकिन्छ। हाल स्थानीय तहमा करीव ४१ प्रतिशत जनप्रतिनिधिहरू युवा उमेर समूहबाट प्रतिनिधत्व रहेको छ ।

## ६. राष्ट्रिय युवा परिषद्ले विकास गरेका अवधारणा तथा ढाँचाहरू

परिषदले आफ्नो १० वर्षे अवधिमा युवा विकास र मार्गदर्शनका लागि देहायका क्षेत्रमा प्रभावकारी अवधारण र ढाँचा विकास गरेको छ :

- तीन दिने नमुना युवा संसद अभ्यास,
- युवा क्लव गठन र परिचालनका लागि प्रमुख प्रशिक्षक विकास,
- आइएलओको पाठ्यक्रमका आधारमा सात दिने उद्यमशीलता तथा वित्तीय साक्षरता तालिम,
- युवा उद्यम कार्यक्रम (सहुलियतपूर्ण ऋण चक्रिय कोष),
- युवा केन्द्रित साझेदार संस्थासँगको सहकार्य,
- राष्ट्रपति युवा महिला उद्यम कार्यक्रम,
- शैक्षिक प्रमाणपत्रका आधारमा युवालाई ऋण सहयोग
- युवामैत्री स्थानीय तह स्वमूल्याङ्कन सूचक विकास र परीक्षण,
- एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम,
- विषयगत युवाहरूको युवा सञ्जालहरू गठन तथा परिचालन,
- निःशुल्क रोजगारमूलक सीप विकास तालिम,
- युवा स्वयंसेवक विकास र परिचालन,
- मनोसामाजिक, उद्यमशीलता, सामाजिक जागरण, डिजिटल साक्षरता, साइवर सुरक्षा जस्ता विषयमा युवा परामर्श तथा मार्गदर्शन,
- प्राज्ञिक अनुसन्धानमा युवालाई अनुदान सहयोग,
- युवा वैज्ञानिक सम्मेलन र प्रदर्शनी,
- चार दिने संयुक्त राष्ट्र संघीय युवा नमुना महासभा अभ्यास,
- युवा प्रतिभा पहिचान र प्रोत्साहन,
- युवा पुस्तामा परम्परागत सीप हस्तान्तरण सम्बन्धी १५ दिने तालिम,
- युवा उद्यमी विकासका लागि नवप्रवर्तन तथा इन्क्युवेसन सञ्चालन,
- युवा केन्द्रित विषयमा नीति वहस र युवा नेतृत्व क्षमता विकास
- युवाबाट उत्पादित सूचना प्रविधि तथा स्टार्टअप व्यवसाय प्रदर्शनी र पुरस्कार

- प्रदेश तहमा प्रदेश युवा परिषद्  र स्थानीय तहमा स्थानीय युवा परिषद् गठनका लागि मार्गदर्शन, समन्वय र सहजीकरण,
- संघ, प्रदेश र स्थानीय तहका सरकार, संयुक्त राष्ट्र संघीय निकायहरू तथा अन्तर्राष्ट्रिय एवम् राष्ट्रिय गैर सरकारी संस्थाहरूका साथै युवा केन्द्रित अभियन्ता, युवा र विद्वत समुदायसँग साझेदारी र सहकार्य ।

## ७. राष्ट्रिय युवा परिषदसँग आवद्ध युवा सञ्जालहरू

परिषदमार्फत देहायका १२ विषय क्षेत्रमा युवा सञ्जालहरू गरठन गरी परिचलन भैरहेका छन् ।

| क्र.सं | सञ्जालको नाम | व्यक्तिको नाम | पद | सम्पर्क नं |
|---|---|---|---|---|
| १ | उद्यमी युवा सञ्जाल | शुशील पराजुली | अध्यक्ष | ९८५१०९७३१५ |
| २ | पर्यटन क्षेत्रमा काम गर्ने युवा पथप्रदर्शक सञ्जाल | अनुप सुवेदी | अध्यक्ष | ९८४१३०८७२० |
| ३ | स्थानीय/प्रदेश र संघीय युवा क्लवमा आवद्ध युवासञ्जाल | आयुष श्रेष्ठ | अध्यक्ष | ९७४१७६५४८९ |
| ४ | लैंगिक तथा यौनिक अल्पसंख्यक समूहका युवा (LGBTIQ) सञ्जाल | भक्ति शाह | अध्यक्ष | ९८४१३५३९६० |
| ५ | राष्ट्रिय युवा परिषदसंग आवद्ध सामाजिक संघसंस्थाहरूमा काम गर्ने युवा सञ्जाल | नारायण गिरी | अध्यक्ष | ९८५११२३०४८ |
| ६ | शहिद तथा वेपत्ता परिवार योद्धा युवा सञ्जाल | आरती शर्मा | अध्यक्ष | ९८५१२२६३५१ |
| ७ | स्वास्थ्यकर्मी युवा सञ्जाल | अस्मीता पाठक | अध्यक्ष | ९८६५९९५५६३ |
| ८ | कला/साहित्य क्षेत्रमा काम गर्ने युवा सञ्जाल | रामप्रसाद अवस्थी | अध्यक्ष | ९८५११९२६३९ |
| ९ | परम्परागत सीपमा आधारित युवा सञ्जाल | राज कार्की | अध्यक्ष | ९८५१०५४७१४ |
| १० | वैकल्पिक हेरचाहमा हुर्कीएका युवा सञ्जाल | विनायक मानन्धर | अध्यक्ष | ९८४१०५५५६५ |
| ११ | घरेलु श्रमिक महिला युवा सञ्जाल | गोमा भण्डारी | अध्यक्ष | ९८४३३०५६६० |
| १२ | जलवायु तथा वातावरणको क्षेत्रमा काम गर्ने युवासञ्जाल | रिता थापा | अध्यक्ष | ९८४३६१५३७६ |

## ८. राष्ट्रिय युवा नीति २०८२ को प्रवोधीकरणबाट प्राप्त सुझाव

कोशी प्रदेश, मधेश प्रदेश र गण्डकी प्रदेमा सञ्चालन गरिएको कार्यक्रममा सहभागी भएका युवाहरूले राष्ट्रिय युवा परिषद्बाट नेतृत्वदायी भूमिका खेल्ने गरी युथ भिजन विकास गर्ने र यसमा देहायका ८ वटा विषयमा जोड दिइएको छ :

स्तम्भ १ सुशासन, संस्थागत सुधार तथा युवा सहभागिता

स्तम्भ २ गुणस्तरीय, व्यवहारिक तथा समावेशी शिक्षा

स्तम्भ ३ रोजगारी सिर्जना, उद्यमशीलता तथा कार्य संस्कृति
स्तम्भ ४ गुणस्तरीय तथा पहुँचयोग्य स्वास्थ्य सेवा
स्तम्भ ५: सामाजिक न्याय, समावेशिता तथा मानव अधिकार
स्तम्भ ६: युवा नेतृत्व, स्वयंसेवा तथा नागरिक जिम्मेवारी
स्तम्भ ७: प्रविधि, नवप्रवर्तन तथा डिजिटल रूपान्तरण
स्तम्भ ८: दिगो विकास, वातावरण तथा आत्मनिर्भर अर्थतन्त्र ।

**९. परिषदले वहन गर्नु पर्ने भावी दायित्व र आवश्यकता**

१. नेपाल सरकार कार्यविभाजन नियमावली २०८३ अनुसार पुनर्गठित युवा, श्रम तथा रोजगार मन्त्रालयको कार्यविवरण अन्तर्गत बुँदा नं.२ मा रहेको "युवा जागरण तथा विकास" कार्यको नेतृत्व, समन्वय र कार्यान्वयन गर्न,
२. राष्ट्रिय युवा परिषद् ऐनमा सामयिक सुधार गरी संघीयता अनुकुल भूमिका निर्वाह गर्न,
३. राष्ट्रिय युवा नीति, २०८२ को कार्यान्वयन गर्न,
४. युथ भिजन तथा आवधिक रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयन गर्न,
५. युवाको जनसङ्ख्या हाल ४२.५६ प्रतिशत रहेको सन्दर्भमा युवाको शक्तिकरण र सवलीकरण गरी जनसाङ्ख्यिक लाभको उच्चतम उपयोग गर्न,
६. सबै स्थानीय तहमा स्थानीय युवा परिषद् र सबै प्रदेशमा प्रदेश युवा परिषद् गठन गर्न समन्वय र सहजीकरण गर्न,
७. संयुक्त राष्ट्र संघबाट घोषित प्याक्ट फर द फ्युचर अवधारणा अनुसार नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय र राष्ट्रिय युवा परिषद्ले नेपाल स्थित संयुक्त राष्ट्र संघसँगको साझेदारीमा आयोजना गरेको नेपाल युवा सम्मेलन, २०२४ काठमाडौंबाट पारित 'नेपाल युवा सम्मेलन, २०२४ को घोषणापत्र'को कार्यान्वयनमा सहजीकरण गर्न,
८. जेनजीको नेतृत्वमा वि.सं. २०८२ साल भाद्र २३-२४ गते भएको राजनीतिक-सामाजिक जनआन्दोलनको अपेक्षा अनुसार सुशासन प्रवर्धन गर्न युवाको नेतृत्व र क्षमता विकास गर्ने,
९. SAARC YOUTH CAMP लगायतका क्षेत्रीय स्तरका युवा सम्मेलन आयोजना गर्न,
१०. युवाको नेतृत्व विकास र उद्यमशीलता प्रवर्धनका अतिरिक्त सहुलियतपूर्ण कर्जा प्रवाहमा सहजीकरण गर्न,
११. राजनीतिक, सामाजिक, सांस्कृतिक विविधतालाई सम्मान गर्दै आर्थिक सिकाइमा जोड दिने गरी आन्तरिक र बाह्य युवा अनुभव आदानप्रदान कार्यक्रम सञ्चालन गर्न,
१२. 'हरित कार्यमा युवा' जस्ता कार्यक्रम मार्फत जीवजन्तु, जलवायु आदिको संरक्षणका लागि युवा सहभागितामा जोड दिन,

१३. नेपाल सरकाको चालु आ.व. को नीति तथा कार्यक्रममा महत्व दिएएको डिजिटल गभर्नेन्स र डिजिटल केन्द्रित अभियानमा युवाहरूलाई प्रशिक्षित र परिचालन गर्न,

१४. युवामैत्री स्थानीय शासनका सूचकहरू अनुसार स्थानीय तह र क्रमश: अन्य तह तथा निकायगत सूचक विकास गरी युवा सहभागिता अभिवृद्धि गर्न,

१५. युवा स्टार्टअप सम्वन्धि सवै छरिएका कार्यक्रमहरू एकीकृत गरी राष्ट्रिय युवा परिषद मार्फत् सञ्चालन गर्न,

१६. हालसम्मको अभ्यासबाट प्राप्त सिकाइ र समयसापेक्ष मागका आधारमा युवाका लागि प्रभावकारी कार्यक्रमहरूको निरन्तरता र अभिवृद्धि गर्दै लैजान।

## १०. सुशासन मार्गचित्र, २०८२ प्रतिवेदनमा राष्ट्रिय युवा परिषद

नेपाल सरकारबाट सचिव श्री गोविन्दबहादुर कार्कीज्यूको अध्यक्षतामा अध्ययन समिति गठन भइ पेश गरिएको र नेपाल सरकारबाट कार्यान्वयनका लागि स्वीकृत भएको सुशासन मार्गचित्र, २०८२ प्रतिवेदनमा मौजुदा निकायहरू खारेज गर्ने, एकीकरण गर्ने र पुनर्संरचना गर्ने निकायहरूको नाम सिफारिस गरिएकोमा युवाका क्षेत्रमा काम गर्न नेतृत्वदायी सरकारी संयन्त्रका रूपमा  राष्ट्रिय युवा परिषदको आवश्यकता र औचित्य महसूस गरी यथावत रहेको छ ।

## ११. नेपाल सरकारको राष्ट्रिय लक्ष्य प्राप्तिमा परिषद

क. नेपाल सरकार कार्यविभाजन नियमावली २०८३ अनुसार पुनर्गठित युवा, श्रम तथा रोजगार मन्त्रालयको कार्यविवरणको २ नं बुँदामा रहेको ‘‘युवा जागरण तथा विकास’’ कार्यको समग्र समन्वय र कार्यान्वयन गर्ने भूमिका निर्वाह गर्ने निकायका रूपमा राष्ट्रिय युवा परिषद रहेको देखिन्छ।

ख. साविकको संरचनाअनुसार ३६ सदस्यीय राष्ट्रिय युवा षरिषदमा हाल पदेन पदाधिकारी मात्र बहाल रहेको अवस्था छ। परिषदको कार्यकारी भूमिकामा रहेको उपाध्यक्ष पदका लागि मन्त्रिपरिषदबाट आवेदन खुला गरी छनोटको अन्तिम चरणमा रहेको छ।

ग. कानुनी रूपमा नै स्थापित यस संरचनालाई नेपाल सरकारले लिएको राष्ट्रिय लक्ष्य प्राप्तिका दिशामा कार्यकारी नेतृत्वमा युवा उपाध्यक्ष र विभिन्न क्षेत्रका विज्ञ युवाहरूलाई सदस्य पदमा मनोनयन गर्ने र यसको पुनसंरचना समेत गरी क्रियाशिल बनाउन  आवश्यक छ ।

## १२. राष्ट्रिय युवा परिषदबाट आव २०८२।०८३ सम्पादित मुख्य कार्यक्रमहरू

१. १०० जना युवाहरुको सहभागितामा काठमाडौमा ४ दिने संयुक्त राष्ट्रसंघीय नमुना महासभा (Mock UN General Assembly) अभ्यास सम्पन्न भएको। मा. परराष्ट्र मन्त्री शिशिर खनालज्यूको प्रमुख आतिथ्यता र युवा श्रम तथा रोजगार मन्त्री एवम् राष्ट्रिय युवा परिषदका अध्यक्ष मा. रामजी यादवज्यूको अध्यक्षतामा सम्पन्न यस कार्यक्रमले

युवालाई कुटनीतिक अभ्यास रु समसामयसव विश्व मिमिलामा मेत अभ्यस्त गर्न योगदान पुगेको छ ।

२. राष्ट्रिय स्तरमा १५ वटा सूचना प्रविधि तथा स्टार्टप व्यवसायीबाट प्रदर्शनीको आयोजना गरी ६ वटा व्यवसायलाई रु २ लाखका दरले पुरस्कृत गरिएको ।

३. सातवटै प्रदेशमा १५।१५ वटाका दरले संचना प्रविधि तथा स्टार्टअप व्यवसायको १,१ दिने प्रदर्शनीको आयोजना गरी प्रथम द्वीतीय, तृतीय र सान्त्वनासहित ५.५ व्यवसायलाई क्रमश ४०/३०/२० र १० हजारका दरले प्रोत्साहन गरिएको । यस कार्यक्रमबाट १०५ वटा स्टार्टअप व्यवसायको प्रदर्शन र ३५ व्यवसायले पुरस्कार सहित सम्मान प्राप्त गरेका छन् ।

४. सामुदायिक रेडियो नेटवर्क (CIN) सँगको सहकार्यमा "युवा चौतारी" पाक्षिक रेडियो कार्यक्रम १० अङ्क उत्पादन गरी २० पटक प्रशारण गरिएको । यसबाट युवाका क्षेत्रमा जागरण र सूचना प्रवाहमा योगदान पुगेको छ ।

५. अन्तराष्ट्रिय युवा दिवस अगस्ट १२ २०२५ लाई सप्ताहव्यापि रूपमा मुलुकभर "Local Youth Actions for the SDGs and Beyond" अर्थात् "दिगो विकास र सुनौलो भविष्यको सार: स्थानीय युवाको सहभागिता समृद्धिको आधार" भन्ने आदर्श वाक्यका साथ युवा जागरणमुखी कार्यक्रमहरू गरी मनाइएको ।

६. अन्तर्राष्ट्रिय स्वयंसेवक दिवस डिसेम्बर ५ का अवसरमा उपत्यका ट्राफिक प्रहरी कार्यालयमा ५०० सवारीचालकलाई सडक दुर्घटना न्यूनीकरण सम्वन्धी अभिमुखीकरण गरी सहित परिषदका फेरफबाट ६० जना युवा ट्राफिक स्वयंसेवक परिचालन गरिएको।

७. पश्चिम रूकुमको आठविसकोट नपा, गोरखाको पालुङ्टार नपा, रूपन्देहीको तिलोत्तमा नपा. पर्साको पर्सागढी नपा, दोलखाको जिरी नगरपालिकामा र स्टाफ कलेज गरी ६ स्थानमा डिजिटल साक्षरता र साइवर सुरक्षा सम्बन्धी १,१ दिने कार्यक्रम सञ्चालन गरिएको । यसबाट प्रत्यक्ष रूपमा ४८६ जना युवाले डिजिटल साक्षरता र साइवर सुरक्षा सम्बन्धी आधारभूत जानजकारी प्राप्त गरेका छन् ।

८. राष्ट्रिय युवा परिषदबाट युवा मैत्री स्थानीय शासन स्व मूल्याङ्कन सूचकहरू विकास गरी १० वटा स्थानीय तहमा यसको परीक्षण गरिएको छ ।

९. युवा केन्द्रित विभिन्न संघ सस्था र परिषदबाछ गठित विषयगत युवा सञ्जालहरूको साक्षेदारीमा १० स्थानमा करिव १००० युवालाई मानसिक स्वास्थ्य, यौनिक तथा लैङ्गिक अल्पसङख्यक, खेलकुद, किशोरी स्वास्थ्य, पर्यटन प्रवर्धन, घरेलु श्रमिक सिप, सूचना प्रविधि प्रयोग, जलवायु शासन, युवा सहभागिता जस्ता विषयमा सचेतना र सिप प्रदान गरिएको ।

१०. ८ जना विदेशी युवासहित १२० जना आदिवासी जनजाती युवाहरुको सहभागितामा संयुक्त राष्ट्र संघ विश्व आदिवासी युवा सम्मेलन १ दिने काठमाडौमा आयोजना गरिएको छ।

११. पूर्वी रुकुमको पुथा उत्तरगंगा गाउँपालिका तकसेरामा मगर पोशाक बुन्ने १५ दिने तालिम आयोजन गरी २० जना युवालाई परम्परागत सिप हस्तान्तरण गरिएको छ ।

१२. खाद्य सुरक्षामा युवाको भूमिका विषयमा सप्तरीको राजविराज र भोजपुरको ट्याम्के मैयुङ् गाउँपालिका दिल्पामा गरी १६५ युवालाई अभिमुखीकरण गरिएको छ ।

१३. दिगो विकासमा युवाको भूमिका, नयाँ पुस्ताका अपेक्षा र राज्यले लिनुपर्ने कदम, युवा मैत्री सुशासन र प्रभावकारी सेवा प्रवाह र उत्तरदायी सामाजिक सञ्जाल तथा सूचना प्रविधि गरी ४ वटा विषयमा संघ सस्था सहआयोजनामा युवा सहभागिता सम्वाद कार्यक्रम सम्पन्न भएको छ ।

१४. संयुकत राष्ट्रसंघीय एजेन्सीहरूसँगको सहकार्यमा मिडियार जवाफदेहिता, मिडिया र सूचना साक्षरता अभिवृद्धि कार्यढाँचा विकास गरिएको छ।

१५. युएनएफपिएको प्राविकधिक सहयोगमा विश्व डेमोग्राफिक फ्युचर्स सर्वे रिपोर्टको सार्वजनिक गरिएको साथै नेपालको जनसाङ्खिक लाभ र युवा सहभागिता मार्गचित्र २०४० को अवधारणापत्र तयार गरिएको छ।

१६. ब्रिटिस काउन्सिलको प्राविधिक सहयोगमा युथ भिजन २०२५ को रणनीतिक समीक्षा गरी प्रतिवेदन तयार गरिएको ।

१७. करीव ४०० जना युवाको सहभागितामा नेपाल युवा उद्यमशीलता सिखर सम्मेलन २०८२ आयोजना गरी युवालाई उद्यमशीलता तर्फ अभिप्रेरित गरिएको छ ।

## १३. राष्ट्रिय युवा परिषदबाट आव २०८३।०८४ मा सम्पादन हुने मुख्य कार्यक्रमहरू

१. ९०० जनालाई सात दिने उद्यमशीलता तथा वित्तीय साक्षरता तालिम प्रदान गरिने।

२. १०० जना विशेष प्राथमिकता प्राप्त युवाहरुका लागि निजमती र शिक्षक) तयारी कक्षा सञ्चालन गरिनेछ ।

३. परम्परागत ज्ञान सिप हस्तान्तरण कार्यक्रम अन्तर्गत २० जना युवालाई १५ दिनको सीपमूलक तालिम प्रदान गरिनेछ ।

४. १०० जना युवाका लागि ४ दिने संयुक्त राष्ट्रसंघिय नमुना महासभा (Mock UN General Assembly) अभ्यास कार्यक्रम सञ्चालन गरिनेछ ।

५. १००० जना युवालाई स्वयमसेवक विकास गरी परिचालन गरिनेछ ।

६. १०० जना युवाका लागि ४ दिने संघीय नमूना युवा संसद (Mock Youth Parliament) अभ्यास कार्यक्रम सञ्चालन गरिनेछ ।

१. एकै स्थलबाट युवाको समग्र सूचना, अवसर र सहभागिता अभिवृद्धि हुने गरी राष्ट्रिय युवा परिषद युथ पोर्टल (NYC Youth Portal ) विकास गरी सञ्चालनमा ल्याएने छ ।

२. युवा महिलाका लागि आत्मा रक्षा कार्यक्रम विकास गरी अभ्यास गरिने छ ।

३. आगामी दिनमा युवा सहभागिता र अन्य विषय केन्द्रित नीति बहस गरी युथ भिजन विकास गरिनेछ ।

४. युवा साहित्य/कला प्रदर्शनी र प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।

५. राष्ट्रिय युवा प्रतिभा पहिचान र प्रोत्साहन कार्यक्रम सञ्चालन गरी युवा प्रतिभालाई प्रोत्साहन गरिनेछ ।

६. युवाका लागि नमूना युवा अदालती अभ्यास (Mock Youth Court) कार्यक्रम सञ्चालन गरिनेछ।

७. युवामैत्री स्थानीय शासनका लागि सहजीकरण तथा प्रोत्साहन गरिनेछ ।

८. ८० जना युवाका लागि युवा नवप्रवर्तन तथा इन्क्युवेशन कार्यक्रम सञ्चालन गरिनेछ।

९. युवा उद्यशीलता प्रवर्धन सम्मेलन साक्षेदारी कार्यक्रममार्फत युवाहरूमा उद्यमशीलता प्रवरधन गरिने।

१०. सूचना प्रविधि उद्यमी तथा स्टर्ट अप व्यवसायीहरू बीच प्रतिस्पर्धा गराई ७ जना उद्यमीलाई पुरस्कार प्रदान गरिनेछ ।
११. सातै प्रदेशमा युवाबाट उत्पादित सूचना प्रविधि तथा स्टार्ट अप व्यवसायका प्रदर्शनीहरू आयोजना गरिनेछ ।
१२. राष्ट्रिय युवा परिषदमा आवद्ध संघ सस्थाहरू र परिषदबाट गठित युवा संजालहरूसँगको साक्षेदारीमा युवा लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
१३. जीवनोपयोगी सीप विकासका लागि नमुना डिजिटल सामग्री विकास, डिजिटल साक्षरता र साइवर सुरक्षा जागरण कार्यक्रम सञ्चालन गरिनेछ ।
१४. संयुक्त राष्ट्र संघ विश्व आदिवासी युवा सम्मेलन आयोजना गरिनेछ ।
१५. खाद्य सुरक्षामा युवाको भूमिका कार्यक्रम सञ्चालन गरिनेछ ।
१६. अन्तराष्ट्रिय युवा दिवस, स्वयंसेवक दिवस, युवा परिषद् स्थापना दिवस लगायतका दिवस तथा उत्सव लक्षित कार्यक्रमहरू आयोजना गरिनेछ ।

(यही २०८३ साउन २७ गते अर्थात अगस्ट १२ का अवसरमा Different Context, Common Aspirations (भिन्न परिवेश, साझा आकांक्षा) भन्ने आदर्श वाक्यसहित अन्तराष्ट्रिय युवा दिवस २०२६ सप्ताहव्यापी रूपमा मुलुकभर र मूल समारोह युवा श्रम तथा रोजगार मन्त्री एवम् राष्ट्रिय युवा परिषदका अध्यक्ष मा. रामजी यादवज्यूको अध्यक्षतामा करीव १४०० जना युवाको सहभागितामा स्टार्टअप व्यवसायको प्रदर्शनी र **“नेपालमा युवा उद्यमशीलता र रोजगारी प्रवर्द्धन”** विषयमा प्यानल छलफलसहित नेपाल प्रज्ञा प्रतिष्ठान कमलादीमा आयोजना गरिएको छ । )

मिति २०८३ भाद्र ३ गते बुधवार

प्रस्तुतकर्ता
गेहनाथ गौतम
नि. प्रसासकीय प्रमुख
राष्ट्रिय युवा परिषद, सानोठिमी भक्तपुर